Journal of Janta Multiple Campus- JJMC, 4 (1), 2025, ISSN: 3021-9515 (Print)

# स्थानीय पाठ्यक्रम निर्माण र यसको कार्यान्वयनमा देखिएका समस्याहरू

राजन प्रसाद शर्मा[1*]

[1] *अध्यापक, जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरी*

* इमेल: *rpneupane31@gmail.com*

## Article Info

**Article History:**

*Submitted 13 November 2024*

*Reviewed 12 February 2025*

*Revised 13 March 2025*

*Accepted 20 March 2025*

**Corresponding Author:**

*Rajan Prasad Sharma*

*Email:*

*rpneupane31@gmail.com*

**ORCID ID:**

https://orcid.org/0009-0000-4872-1171

**Copyright Information:**

*Copyright 2025© Authors of this journal; with authors' permission, the copyright is transferred to the publisher for the first edition only.*

**Publisher:**

*Research Management Cell (RMC)*

*Janta Multiple Campus*

*Itahari, Sunsari*

*Tel.: 025-81300*

*Email: rmcjantacollege@gmail.com*

## लेखसार

नेपालको विद्यालय शिक्षामा स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्ने नीतिगत व्यवस्था भए बमोजिम इटहरी उपमहानगरपालिकामा स्थानीय पाठ्यक्रम निर्माण भएको भए पनि यसको कार्यान्वयन प्रभावकारी रुपमा हुन नसकिरहेको अवस्था छ। यसै क्रममा स्थानीय पाठ्यक्रमको निर्माणको अवस्था, पाठ्यक्रमको सान्दर्भिकता, यसको कार्यान्वयनमा देखिएका समस्याहरू एवम् समाधानका उपायहरू प्रस्तुत गर्ने उद्देश्य राखी अध्ययन गरिएको छ। यसका लागि गुणात्मक विधि अवलम्वन गरी सुनसरी जिल्ला इटहरी उपमहानगरपालिका अन्तर्गतका १० वटा सामुदायिक विद्यालयका प्रधानाध्यापक, स्थानीय विषय अध्यापन गर्ने शिक्षकहरु, शिक्षा, युवा तथा खेलकुद शाखाका अधिकृतलाई उद्देश्यमूलक एवम् सुविधाजनक नमुना छनोट विधिको उपयोग गरी नमुना छनोट गरिएको छ। प्रधानाध्यापक, शिक्षक र शिक्षा शाखाका अधिकृतलाई प्रश्नावली र अन्तर्वार्ता मार्फत् सूचना सङ्कलन गरी प्राप्त तथ्याङ्कलाई वर्णनात्मक ढाँचाको उपयोग गरी व्याख्या विश्लेषण गरिएको छ। अध्ययनको क्रममा छनोटमा परेका विद्यालयहरूबाट प्राप्त सूचनालाई विश्लेषण गर्दा इटहरी उपमहानगरपालिकाका सामुदायिक विद्यालयहरूमा आधारभूत तहमा स्थानीय पाठ्यक्रमको रुपमा इटहरीको सेरोफेरो र थारु भाषाको पाठ्यक्रम निर्माण भई कार्यान्वयन भइरहेको पाइयो। उक्त पाठ्यक्रम स्थानीय विषयवस्तु अर्थात् इटहरीको भाषा, साहित्य, कला, संस्कृति, भूगोल आदिलाई समावेश गरी स्थानीय सरोकारवाला व्यक्तिहरूको संलग्नतामा सान्दर्भिक पाठ्यक्रमको रुपमा स्थानीय पाठ्यक्रम निर्माण गरिएको पाइयो। स्थानीय पाठ्यक्रम प्रभावकारी कार्यान्वयनका लागि पाठ्यपुस्तकको अभाव हुनु, शैक्षिक सामग्रीको अभाव हुनु, पालिकाबाट अनुगमन र मूल्याङ्कन प्रक्रिया कमजोर रहनु, शिक्षकको क्षमता अभिवृद्धि गर्नका लागि तालिम एवम् आवश्यक सेवा सुविधाहरु पर्याप्त नहुनु जस्ता कुराहरु समस्याका रुपमा रहेको पाइयो। यसलाई प्रभावकारी कार्यान्वयन गर्नका लागि पाठ्यपुस्तकको सहज उपलब्धता हुनुपर्ने, शैक्षिक सामग्रीहरूको पर्याप्त व्यवस्था हुनुपर्ने, विषयगत रुपमा शिक्षण सिकाइ क्रियाकलाप संचालन गर्नका लागि शिक्षकहरुलाई समय समयमा तालिमहरु प्रदान गरि राख्नुपर्ने, शिक्षकहरूको सेवा सुविधा वृद्धि गर्नुपर्ने, सरोकारवाला व्यक्तिहरूमा समेत स्थानीय पाठ्यक्रमको बारेमा सकारात्मक सोचको विकास गराउन सकेमा अझ यसको कार्यान्वयनमा प्रभावकारिता आउने देखिन्छ।

*शब्दकुञ्जीः* पाठ्यक्रम, स्थानीय पाठ्यक्रम, राष्ट्रिय पाठ्यक्रम, पाठ्यक्रम निर्माण, पाठ्यक्रम कार्यान्वयन

## पृष्ठभूमि

स्थानीय पाठ्यक्रम भन्नाले स्थान विशेष रूपमा केन्द्रीय पाठ्यक्रमले समेट्न नसकेका विषयवस्तुमा केन्द्रित रही स्थानीय आवश्यकता र समस्यालाई मध्यनजर राखी स्थानीय तहका सरोकारवाला व्यक्तिहरूको सहभागितामा स्थानीय ज्ञान, सिप मूल्य, मान्यता र प्रविधिलाई प्राथमिकता दिई स्थानीय स्तरबाट निर्माण गरिएको पाठ्यक्रमलाई स्थानीय पाठ्यक्रम भनिन्छ (निउरे, २०७८) । स्थानीय पाठ्यक्रम निर्देशिका (२०६४) का अनुसार स्थानीय स्तरका सरोकारवाला व्यक्तिहरूको सहभागितामा स्थानीय आवश्यकता बमोजिमका विषयवस्तुहरूलाई समेटी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो। यसमा स्थानीय स्तरका रैथाने विषयवस्तुहरु; जस्तै: भाषा, संस्कृति, धर्म, चाडपर्व, मूल्यमान्यता, परम्परा, कृषि, पेशा, व्यवसाय, वातावरण, पर्यटन, लगायतका विविध विषयवस्तुहरूलाई लिइएको हुन्छ। उक्त स्थानीय विषयवस्तुहरूलाई राष्ट्रिय स्तरमा परिचित गराउनु स्थानीय पाठ्यक्रमको मूल उद्देश्य हो। जसमा स्थानीय बुद्धिजीवी, शिक्षक, प्रधानाध्यापक, विद्यार्थी, अभिभावक, उद्योगी, व्यापारी, रोजगारदाता लगायतका स्थानीय व्यक्तिहरूको संलग्नता रहन्छ। यसरी केन्द्रीय स्तरबाट निर्माण हुने पाठ्यक्रमले स्थानीय स्तरका आवश्यकता र समस्याहरूलाई सम्बोधन गर्न नसक्ने हुँदा स्थानीय सरोकारवाला व्यक्तिहरूको संलग्नतामा स्थानीय तहबाट निर्माण गरिएको पाठ्यक्रमलाई नै स्थानीय पाठ्यक्रम भनिन्छ।

शिक्षा देश विकासको आधार हो (भट्टराई, २०६८) । शिक्षा क्षेत्रलाई देशको केन्द्रीय स्तरबाट निर्माण हुने पाठ्यक्रमले दिशा निर्देश गर्ने गर्दछ। हरेक क्षेत्रमा भइरहेको तीव्र विकासका कारण केन्द्रबाट निर्माण हुने पाठ्यक्रमले स्थानीय तहका व्यक्तिहरूको रुचि, इच्छा, आवश्यकता र समस्याहरूलाई पूर्ण रुपमा समेट्न सक्दैन अर्थात् नेपालको भौगोलिक, सामाजिक, आर्थिक, राजनैतिक, धार्मिक, सांस्कृतिक विविधताले गर्दा केन्द्रबाट निर्माण हुने पाठ्यक्रमले समग्र राष्ट्रको प्रतिनिधित्व हुन सक्दैन (जिसी र यादव २०७६) । देश विकासमा सबै नागरिकहरूको दायित्व र सहभागिता आवश्यक पर्दछ भन्ने कुरालाई आधार मानी पाठ्यक्रमलाई समय सापेक्ष सुधार गर्दै सान्दर्भिक बनाउन राष्ट्रिय पाठ्यक्रम प्रारुप (२०६३) ले शैक्षिक क्षेत्रमा देखा परेका शैक्षिक मुद्दा र चुनौतीहरुलाई सम्बोधन गर्न स्थानीयतामा आधारित शिक्षालाई जोड दिएको छ ।

नेपालमा विद्यालय शिक्षाका लागि तयार गरिएको राष्ट्रिय पाठ्यक्रम प्रारूप (२०६३) ले शैक्षिक क्षेत्रमा देखा पर्ने शैक्षिक मुद्दा र चुनौतीहरूलाई सम्बोधन गर्न स्थानीय आवश्यकतामा आधारित स्थानीय शिक्षालाई विशेष जोड दिएको छ । शैक्षिक विकेन्द्रीकरणको अवधारणा अन्तर्गत पाठ्यक्रमलाई समय सापेक्ष सुधार गर्न पाठ्यक्रम सुधार पद्धति अनुसार स्थानीय आवश्यकतालाई समेट्ने गरी स्थानीय निकायहरूलाई नै स्थानीय पाठ्यक्रम निर्माण गर्न दिई शैक्षिक सुधार गर्न सकिने कुरामा जोड दिइएको छ (बराल, २०६७) । केन्द्रीय स्तरबाट निर्माण हुने पाठ्यक्रमले स्थानीय संस्कार, संस्कृति, भाषा, भूगोल, जनजीवन, स्थानीय पर्व, मेला जस्ता कुराहरुलाई समेट्न सक्दैन भन्ने मान्यताका आधारमा स्थानीय पाठ्यक्रमको अवधारणा आएको हो। जुन दिगो विकासको एक आधार पनि हो। नेपालजस्तो जातीय, भाषिक, धार्मिक, सांस्कृतिक, भौगोलिक विविधता भएको परिवेशमा समाजका आवश्यकता र चाहनाहरू पनि फरक, फरक हुने गर्दछन्। त्यसैले नेपालको सन्दर्भमा स्थानीय ठाउँ अनुसारका विषयवस्तुहरुलाई सकेसम्म समेटेर स्थानीय पाठ्यक्रम निर्माण गर्नुपर्दछ (भट्ट, २०६७) ।

स्थानीय पाठ्यक्रममा केन्द्रीय पाठ्यक्रमले समेट्न नसकेका विषयवस्तुहरू समेटिनुका साथसाथै विभिन्न पक्षहरूको सहभागिता, समावेशीकरण एवं जनअपेक्षा जस्ता कुराहरुले स्थान पाउने गर्दछ । यसले पाठ्यक्रमलाई समय सापेक्ष, सान्दर्भिक लचिलो, खुला र स्थानीय मूल्यमान्यता अनुरुपको बनाउँदछ जसले स्थानीयतामा आधारित पाठ्यक्रम निर्माण र कार्यान्वयन प्रक्रियामा संस्कृतिको आदानप्रदान र विकास गराउँदछ (पाविके, २०६७) ।

नेपालमा औपचारिक रूपमा स्थानीय पाठ्यक्रमको निर्माण र कार्यान्वयनलाई अध्ययन गर्दा प्राथमिक तहको पाठ्यक्रम (२०४९) ले १०० पूर्णाङ्कको स्थानीय परिवेश अनुसार मातृभाषा वा स्थानीय विषय छनोट गरी पठनपाठन गर्न पाउने व्यवस्था गरेको थियो (जवरा र साथीहरू, २०७६) । सोही अनुसार विद्यालयले पाठ्यक्रम छनोट वा निर्माण गरी पठनपाठन सञ्चालन गर्ने व्यवस्था गरेको थियो । साथै प्राथमिक शिक्षा पाठ्यक्रम (२०६२) ले स्थानीय पाठ्यक्रमलाई जोड दिँदै कक्षा १ देखि ५ सम्म १०० पूर्णाङ्कको स्थानीय आवश्यकता अनुसारको मातृभाषा, स्थानीय परिवेश, पेशा, व्यवसाय जस्ता विषयहरू समावेश गरी पाठ्यक्रम निर्माण गर्ने व्यवस्था गरेको थियो (यादव र जिसी, २०७६) । राष्ट्रिय पाठ्यक्रम प्रारुप (२०७६) ले नेपालको विद्यालय शिक्षाअन्तर्गत आधारभूत तह कक्षा १ देखि ८ सम्म स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्ने नीतिगत व्यवस्था भए बमोजिम हाल स्थानीय पाठ्यक्रम स्थानीय तहबाट निर्माण र कार्यान्वयन भइरहेको छ ।

नेपालको संविधान २०७२ को धारा ३२ मा भाषा संस्कृतिको व्यवस्था गरिएको छ । यस धाराको उपधारा (३ ) मा नेपालमा बसोबास गर्ने प्रत्येक नेपालीलाई आफ्नो भाषा, लिपि, संस्कृति, सभ्यता र सम्पदाको संरक्षण गर्ने हक हुने व्यवस्था छ । यसैगरी नेपालको पञ्चवर्षीय योजना अन्तर्गतको १५औं पञ्चवर्षीय योजनाले समेत आफ्ना उद्देश्यहरू प्राप्तिका लागि विद्यालय तहको पाठ्यक्रम मार्फत सबै तहमा गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने रणनीति लिएको छ । यसका लागि तोकिएको मापदण्ड अवलम्बन गरी विद्यालय तहमा स्थानीय तहबाट स्थानीय पाठ्यक्रम विकास गर्ने रणनीति रहेको छ। यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीय पाठ्यक्रम कार्यान्वयनमा स्थानीय तहले सहजीकरण गर्ने व्यवस्था समेत रहेको छ (पाविके,२०७६) ।

अन्तर्राष्ट्रिय परिवेशलाई हेर्दा पनि विभिन्न देशहरुमा स्थानीय स्तरबाट पाठ्यक्रम निर्माण र कार्यान्वयन भइरहेको छ; जस्तैः इन्डोनेसिया, जापान, लावस, मंगोलिया, फिलिपिन्स, दक्षिण कोरिया, भियतनाम लगायतका मुलुकहरूमा समेत स्थानीय इतिहास, परम्परा, हस्तकला, कृषि, उत्पादन जस्ता विषयवस्तुहरू समेटी स्थानीय समुदायहरूका लागि सान्दर्भिक हुने किसिमका विषयवस्तुहरू समेटी स्थानीय स्तरबाटै निर्माण गरी शिक्षण गर्ने व्यवस्था रहेको छ (पाविके,२०७६) ।

यसरी हेर्दा राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेका स्थानीय एवं रैथाने विषयवस्तुहरूलाई समेटेर विद्यार्थीहरूको सिकाइलाई थप पूर्णता दिनका लागि स्थानीय सरोकारवाला व्यक्तिहरूको आवश्यकता, चाहना र उनीहरूकै संलग्नतामा निर्माण एवं कार्यान्वयन गरिने पाठ्यक्रमलाई स्थानीय पाठ्यक्रम भनिन्छ। यस किसिमको पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति, सभ्यता, प्राकृतिक सम्पदा, भौगोलिक अवस्थिति, ऐतिहासिक, सामाजिक गतिविधि, कृषि, उद्योग, व्यवसाय, परम्परागत सीप एवं आयमूलक कुराहरूलाई समेटेर निर्माण गरिएको हुन्छ यसले स्थानीय ज्ञान, सीप र विषयवस्तुको संरक्षण र प्रवर्द्धन गर्ने आधुनिक नेपाल निर्माणमा यस किसिमको पाठ्यक्रमले सहयोग गर्ने देखिन्छ ।

यस अनुरूप राष्ट्रिय पाठ्यक्रम प्रारुप (२०७६) का अनुसार नेपालको विद्यालय शिक्षाअन्तर्गत आधारभूत तह

कक्षा १ देखि ८ सम्म स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्ने नीतिगत व्यवस्था भए बमोजिम कोशी प्रदेश, इटहरी उपमहानगरपालिकाका सामुदायिक विद्यालयहरूमा स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन के कसरी गरिरहेको छ भन्ने कुरामा केन्द्रित रही अध्ययन गरिएको छ।

**समस्याको कथन**

राष्ट्रिय पाठ्यक्रम प्रारूप (२०७६) ले नेपालको विद्यालय शिक्षामा स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्ने नीतिगत व्यवस्था कायम गरे अनुरूप पाठ्यक्रम कार्यान्वयन निर्देशिका (२०७६) मा स्थानीय पाठ्यक्रम अन्तर्गत कक्षा १ देखि ३ सम्मका लागि साप्ताहिक पाठ्यघण्टा ५ कायम गरी १६० घण्टा र कक्षा ४ देखि ८ सम्म ४ पाठ्यघण्टा कायम गरी १२८ घण्टा छुट्याई पठनपाठन गर्नुपर्ने व्यवस्था गरेको छ (पाविके,२०७६)। सोही आधारमा हाल स्थानीय तहबाट स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा आइरहेका छन्। तसर्थ इटहरी उपमहानगरपालिका पनि विविध जाति, धर्म, भाषा, संस्कार, संस्कृति, रीतिरिवाज, चालचलन बोकेका मानिसहरूको बसोबास रहेको स्थान हो। यस पालिकामा समेत स्थानीय आवश्यकता र समस्याहरूलाई सम्बोधन गर्ने किसिमको स्थानीय पाठ्यक्रम निर्माण गरिएको छ वा छैन? कुन कुन विषयहरूको पाठ्यक्रम निर्माण भएको छ? निर्माण गरिएको पाठ्यक्रम समयसापेक्ष र सान्दर्भिक छ वा छैन ? स्थानीय पाठ्यक्रम पालिकाभर कार्यान्वयनमा आएको छ वा छैन? स्थानीय पाठ्यक्रम कार्यान्वयनमा के कस्ता समस्याहरू देखिएका छन्? भन्ने कुरा पहिचान गर्नु आवश्यक रहेको छ। साथै यस पालिकाले निर्माण गरेको पाठ्यक्रम प्रभावकारी रुपमा कसरी कार्यान्वयन गर्न सकिएला भन्ने मुख्य समस्याहरूमा केन्द्रित रही अध्ययन गरिएको छ। जसले स्थानीय पाठ्यक्रमको सहज कार्यान्वयनमा सहजता प्रदान गर्ने अपेक्षा गरिएको छ।

**अध्ययनका उद्देश्यहरू**

स्थानीय पाठ्यक्रम निर्माण र यसको कार्यान्वयनमा देखिएका समस्याहरू शीर्षकमा केन्द्रित रही अध्ययन गर्नका लागि निम्नलिखित उद्देश्यहरू राखी अध्ययन गरिएको छ-

क. इटहरी उपमहानगरपालिकामा स्थानीय पाठ्यक्रम निर्माणको अवस्था पहिचान गर्नु,

ख. स्थानीय पाठ्यक्रमको सान्दर्भिकता विश्लेषण गर्नु,

ग. स्थानीय पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरू खोजी गर्नु,

घ. स्थानीय पाठ्यक्रम प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउने उपायहरू सिफारिस गर्नु।

## पूर्वकार्यको समीक्षा

दुरखिमका अनुसार प्रत्येक समाजमा आआफ्नै मूल्यमान्यता र विश्वास हुन्छन्, विद्यालयहरूमा पनि निश्चित मापदण्डहरू, मूल्यमान्यताहरू, नीति नियमहरू हुन्छन् (गिडेन्स, सन् २००९)। तसर्थ स्थानीय पाठ्यक्रमले उनीहरूको सामाजिक ज्ञान, सीपहरू साझा गर्न मद्दत गर्दछ; जसले उनीहरूको जीवन धान्न पनि सहज बनाउन सहयोग गर्दछ भनेका छन्। यसर्थ स्थानीय पाठ्यक्रमले पनि स्थानीय ज्ञान एवम् सीपलाई प्रवर्धन र विकास गर्न सहयोग पुर्‍याउनु पर्दछ।

यसैगरी पाठ्यक्रमविद् ताबा (सन् १९६२) ले पाठ्यक्रम निर्माण गर्नका लागि आवश्यकताको पहिचान, उद्देश्यहरूको निर्माण, विषयवस्तुको छनोट, विषयवस्तुको संगठन, सिकाइ अनुभवहरूको छनोट, सिकाइ अनुभवहरूको संगठन, र मूल्याङ्कनका साधनहरूको निर्माण गरी पाठ्यक्रम निर्माण गर्नुपर्ने कुरा उल्लेख गरेकी छन्। स्थानीय पाठ्यक्रम

निर्माणमा समेत पाठ्यक्रम निर्माणका यस्ता आधारभूत कुराहरुलाई ध्यान पुर्याउनु पर्दछ ।

यसैगरी अर्का पाठ्यक्रमविद् वालकर (१९७१) ले पाठ्यक्रम विकासको गतिशील नमुनाको विकास गरे । उनले अन्य प्रक्रियाबाट निर्माण गरिएको पाठ्यक्रम समय सापेक्ष प्रभावकारी बन्न सक्दैन, समय र समाजको परिवर्तनसँगै मानिसको चिन्तनमा आएको परिवर्तनलाई पाठ्यक्रमले प्रतिबिम्बित गर्नुपर्दछ भन्दै पाठ्यक्रमको गतिशील नमुना विकास गरेका छन् जसमा पाठ्यक्रम निर्माण गर्दा आधारभूत चरण, छलफल चरण र पाठ्यक्रम ढाँचाको चरण गरी तीन चरणमा रही निर्माण गर्न सकिने कुरा उल्लेख गरेका छन् (भट्टराई, २०७३) । यसर्थ स्थानीय पाठ्यक्रम स्थानीय सरोकारवालाहरूको नियमित छलफल कुराकानी विचारविमर्शका आधारमा समावेशी ढङ्गबाट निर्माण गर्नुपर्नेमा आशङ्का बढ्दै गएको देखिन्छ ।

यसैगरी ढकाल (२०७३ ) ले प्रगतिवादअनुसार बालकले आफ्नो वातावरणअनुसार जीवनमा सिक्नु पर्ने कुराको छनोट आफैँ गर्न पाउनु पर्दछ र उसलाई आफ्नो जीवन आफैँ अगाडि बढाउने स्वतन्त्रता हुनुपर्दछ भन्ने कुरा गरेका छन् । सोहीअनुसार विद्यालय तहको पाठ्यक्रम पनि समय, समाज र वातावरण अनुकूल आवश्यकताको परिपूर्ति गर्न सक्ने, विद्यार्थीको रुचि, इच्छा, आवश्यकता, उपयोगिता र व्यावहारिकतामा आधारित हुनुपर्ने कुरालाई जोड दिएको छ । जुन कुरा स्थानीय पाठ्यक्रम निर्माणसँग सान्दर्भिक देखिन्छ ।

यसैगरी मिश्र (२०२३) ले स्थानीय पाठ्यक्रमको कार्यान्वयनको अवस्था शीर्षक राखी गरिएको अध्ययनमा स्थानीय तहको पाठ्यक्रम कार्यान्वयनमा शैक्षिक सामग्रीको उपलब्धतामा कमी, अनुगमन र मूल्याङ्कनको अभाव, संस्थागत क्षमता अभिवृद्धिमा कमी जस्ता कुराहरूलाई पाठ्यक्रम कार्यान्वयनमा देखिएको समस्याका रुपमा उल्लेख गरिएको छ । स्थानीय पाठ्यक्रम कार्यान्वयनमा यिनै समस्याहरू मात्र हुन् कि अन्य कुराहरू पनि छन् खोजी गर्नु आवश्यक छ ।

यसैगरी पौडेल (२०६९) ले कक्षा ८ को सामुदायिक र संस्थागत विद्यालयमा पाठ्यक्रम कार्यान्वयनको तुलनात्मक अध्ययन शीर्षक राखी गरिएको अध्ययनमा पाठ्यक्रम कार्यान्वयनका लागि आवश्यक योजना, रणनीति र शैक्षिक सामग्रीहरूको प्रयोग नगरी परम्परागत विधि र तरिकाबाट पाठ्यक्रम कार्यान्वयनमा ल्याइएको कुरालाई पाठ्यक्रम कार्यान्वयनमा देखिएको समस्याका रुपमा उल्लेख गरिएको छ। यस अध्ययनमा स्थानीय पाठ्यक्रम कार्यान्वयनको समस्याहरूअध्ययन गरेको देखिँदैन ।

यसैगरी ढकाल (२०२३) ले माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम कार्यान्वयनको प्रभावकारिता शीर्षक राखी गरिएको अध्ययनमा सबै विद्यालयहरूमा तालिम प्राप्त शिक्षक रहेका, वार्षिक कार्ययोजना निर्माण गरी शिक्षण गर्ने गरिएको भए तापनि सरोकारवाला व्यक्तिहरुले आफ्नो भूमिका निर्वाह गर्न चुकेका, उपलब्ध स्रोत र सामग्री पर्याप्त रुपमा प्रयोग नगरिएको, अनुगमन तथा मूल्याङ्कन प्रक्रिया कमजोर भएको कुरा उल्लेख गरेका छन् तर यस अध्ययनमा पनि स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको समस्याहरूमा केन्द्रितरही अध्ययन गरेको देखिँदैन ।

मुरे प्रिन्ट (सन् १९९८) का अनुसार स्थानमा आधारित शिक्षाको सिद्धान्तले वातावरण तथा ग्रामीण जनजीवनको संरक्षणका लागि समुदायलाई सचेत र सक्रिय बनाउन स्थानीय ज्ञानलाई विद्यार्थीसामु पुर्याउन स्थानीय पाठ्यक्रम निर्माण गर्नुपर्दछ भन्ने कुरामा जोड दिन्छ । त्यसैगरी सामाजिक पुनरसंरचनावादी सिद्धान्तले पाठ्यक्रम निर्माणमा सामाजिक

आवश्यकता र सामाजिक मुद्दा र भविष्यपरक आशालाई महत्व दिनुपर्ने कुरालाई जोड दिन्छ (पाविके, २०७६ )। यसर्थ स्थानमा आधारित शिक्षाको सिद्धान्तलाई उपयोग गरेर स्थानीय पाठ्यक्रम निर्माण गर्नु आवश्यक देखिन्छ।

यसरी अध्ययन शीर्षकसँग सम्बन्धित साहित्यहरूको पुनरावलोकन गर्दा स्थानीय पाठ्यक्रम निर्माण प्रक्रियाको बारेमा अध्ययन गर्न र यसको कार्यान्वयन गर्ने क्रममा देखिएका थप समस्याहरू पहिचान गरी सहज कार्यान्वयनका लागि सहयोगी हुने देखिन्छ।

**अवधारणागत ढाँचा**

पाठ्यक्रम निर्माण प्रक्रिया अन्तर्गत सर्वप्रथम आवश्यकताको पहिचान गरिन्छ। त्यसपछि उद्देश्यहरूको निर्धारण गरिन्छ। उक्त उद्देश्यहरू परिपूर्तिका लागि विषयवस्तुको छनोट गरिन्छ। साथै विषयवस्तुको छनोटका लागि स्थानीय विषय विज्ञहरू, शिक्षक, अभिभावक, विद्यार्थी, उद्योगी, व्यापारी, स्थानीय संघसंस्थाहरूको प्रतिनिधिका साथसाथै सरोकारवालाहरूको सहभागितामा आवश्यक छलफल गरी सान्दर्भिक विषयवस्तुहरूको छनोट गरिन्छ। उक्त विषयवस्तु विद्यार्थीसामु पुर्याउनका लागि विद्यार्थीहरूकै सक्रियता र सहभागिता हुने किसिमका शिक्षण विधिहरू तय गरी सिकाइ उपलब्धिको लेखाजोखा गर्ने मूल्यांकन प्रक्रिया निर्धारण गरी पाठ्यक्रमलाई अन्तिम रुप दिइन्छ र उक्त पाठ्यक्रमलाई कार्यान्वयनमा ल्याइन्छ भने स्थानीय पाठ्यक्रमको विकासमा निम्न तीन आधारभूत पक्षलाई ख्याल गर्नुपर्दछ। जस्तै: स्थानीय आवश्यकता, स्थानीय विषयवस्तु, स्थानीय सहभागिता र विज्ञता (पाविके, २०७७)।

## अध्ययन विधि

यस अनुसन्धानात्मक लेखमा अध्ययनको शीर्षकलाई मध्यनजर राखी गुणात्मक ढाँचाको उपयोग गरिएको छ। यस अध्ययनमा प्राथमिक र द्वितीयक स्रोतको उपयोग गरी आवश्यक सूचनाहरू संकलन गरिएको छ। अध्ययनका लागि आवश्यक नमुनाको छनोट गर्दा अध्ययनको शीर्षक, अध्ययनको उद्देश्य एवं सहज पहुँचका आधारमा उद्देश्यमूलक र सुविधाजनक नमुनाको विधि (अधिकारी र पाण्डे,२०८०) लाई अवलम्बन गरिएको छ। जसका लागि इटहरी उपमहानगरपालिका भित्रका सामुदायिक विद्यालयहरू मध्येका दश जना प्रधानाध्यापकहरू लाई उद्देश्यमूलक नमुना छनोट विधिका आधारमा छनोट गरिएको छ। यसैगरी उक्त पालिका भित्रकै सामुदायिक विद्यालयहरू मध्ये बाट दश जना स्थानीय विषय पढाउने शिक्षकहरू पनि उद्देश्यमूलक नमुना छनोट विधिका आधारमा छनोट गरिएको छ। साथै सुविधाजनक नमुना छनोट विधिका आधारमा तीन जना विषय विशेषज्ञहरू छनोट गरिएको छ। तथ्यांक संकलनका लागि नमुना छनोटमा परेका सूचनादाताहरुलाई अर्ध संरक्षित अन्तर्वार्ताको उपयोग गरी सूचना संकलन गरिएको छ। साथै शीर्षकसँग सान्दर्भिक विभिन्न अनुसन्धानात्मक लेख, रचना, पुस्तक, पत्रपत्रिका, बुलेटिन, पाठ्यक्रम, निर्देशिका लगायतका महत्वपूर्ण दस्तावेजहरु अध्ययन गरी प्राप्त सूचनालाई कोडिङ गरी, तथ्याङ्कको त्रिपक्षीय जाँच गरेर थिम निकाली वर्णनात्मक विधिबाट व्याख्या विश्लेषण गर्दै निष्कर्षमा पुग्ने कोसिस गरिएको छ।

## छलफल र परिणाम

राष्ट्रिय पाठ्यक्रम प्रारूप (२०७६) ले नेपालको विद्यालय शिक्षामा स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्ने नीतिगत व्यवस्था कायम गरे अनुरूप हरेक पालिकाहरूले स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गरिरहेको परिवेशमा यस इटहरी उपमहानगरपालिकामा स्थानीय पाठ्यक्रमको निर्माणको अवस्था र यसको कार्यान्वयनमा देखिएका समस्याहरू

सम्बन्धमा गरिएको अध्ययनबाट प्राप्त नतिजा वा परिणामलाई निम्न अनुसार प्रस्तुत गरिएको छ:

**स्थानीय पाठ्यक्रम निर्माणको अवस्था**

राष्ट्रिय पाठ्यक्रम प्रारूप (२०७६) ले नेपालमा आधारभूत तहमा स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्ने व्यवस्था भएबमोजिम अन्य पालिकाहरूमा झैँ इटहरी उपमहानगरपालिकामा स्थानीय अवस्था अध्ययन गर्दा इटहरी उपमहानगरपालिकाका शिक्षा अधिकृत, छनोटमा परेका सबै प्रधानाध्यापक एवम् शिक्षकहरुको विचारलाई विश्लेषण गर्दा स्थानीय परिवेश, स्थानीय आवश्यकता, स्थानीय विषयवस्तुलाई मध्यनजर राखी यस उपमहानगरपालिकाले दुईवटा स्थानीय पाठ्यक्रम आधारभूत तहका लागि निर्माण गरेको पाइयो। जसअन्तर्गत इटहरीको भौगोलिक अवस्था, पर्यटन, कृषि, पेशा, व्यवसाय, कला, संस्कृति जस्ता कुराहरुलाई समेटी इटहरीको सेरोफेरो २०७८ कक्षा १ देखि ८ सम्म र थारु भाषाको संरक्षण, संस्कार संस्कृतिहरूको प्रवर्धनका लागि थारु भाषाको पाठ्यक्रम २०८० कक्षा १ देखि ५ सम्मका लागि स्थानीय पाठ्यक्रमका रुपमा निर्माण गरिएको पाइयो।

**स्थानीय पाठ्यक्रमको सान्दर्भिकता**

यस इटहरी उपमहानगरपालिकाले निर्माण गरेको स्थानीय पाठ्यक्रमको सान्दर्भिकता सम्बन्धी विचारहरूलाई विश्लेषण गर्दा इटहरी उपमहानगरपालिकाले निर्माण गरेको स्थानीय पाठ्यक्रमका सन्दर्भमा प्रधानाध्यापकहरुले सान्दर्भिक नै रहेको कुरा बताउनुभयो। यसै सन्दर्भमा इटहरी नगरलाई परिचित गराउने, स्थानीय परिवेशलाई झल्काउने किसिमको पाठ्यक्रम भएकोले यो पाठ्यक्रम सान्दर्भिक नै रहेको कुरा छनोटमा परेका एक प्रधानाध्यापकले बताउनुभयो । यसैगरी अर्का प्रधानाध्यापकले इटहरीमा बसोबास गर्ने जातजाति, बोलिने भाषाहरू, स्थानीय स्तरमा खेलिने खेलहरू, स्थानीय क्षेत्रका पर्यटकीय स्थलहरूको बारेमा यस पाठ्यक्रमले जानकारी दिने हुँदा पनि स्थानीय पाठ्यक्रम सान्दर्भिक रहेको बताउनुभयो । साथै अर्का प्रधानाध्यापकले इटहरीमा थारुजातिको बाहुल्यता रहेको हुँदा थारु भाषाको संरक्षण र प्रवर्द्धन गर्नका लागि थारु भाषासँग सम्बन्धित रहेर उक्त भाषाको स्थानीय पाठ्यक्रम समेत निर्माण गरिएको कारणले गर्दा पनि स्थानीय पाठ्यक्रम सान्दर्भिक रहेको कुरा थारु भाषाको पाठ्यक्रम कार्यान्वयनमा ल्याइएको विद्यालयका प्रधानाध्यापकले बताउनुभयो भने छनोटमा परेका शिक्षकहरुले उक्त पाठ्यक्रम स्थानीय विषयवस्तुलाई समेटेर निर्माण गरिएको हुँदा सान्दर्भिक रहेको कुरा बताउनु भयो । (ताबा, १९६२ ) ले समेत पाठ्यक्रम स्थानीय आवश्यकतालाई समेटेर निर्माण गरिनुपर्ने कुरालाई जोड दिएकी छन् । साथै सरोकारवाला व्यक्तिहरूको सहभागितामा विधिसम्मत प्रक्रियाहरू अवलम्बन गरी पाठ्यक्रम निर्माण गरिएको र निर्माण गरिएको पाठ्यक्रम स्थानीय विषयवस्तु तथा आवश्यकतासँग सम्बन्धित रहेको कारणले गर्दा यो पाठ्यक्रम सान्दर्भिक रहेको कुरा यस नगरपालिकाका शिक्षा शाखाका अधिकृतले समेत बताउनुभयो ।

यसैगरी छनोटमा परेका विज्ञहरूले समेत स्थानीय तहले निर्माण गरेको पाठ्यक्रम स्थानीय नगरको भौगोलिक परिचय दिने, ऐतिहासिक तथा राजनीतिक परिचय दिने, विभिन्न जातजाति, धर्म, संस्कृति, भाषाभाषीको बारेमा परिचय दिने, एवम् स्थानीय परिवेश झल्काउने, कक्षागत सिकाइ उपलब्धिहरू पूरा गर्ने किसिमको रहेकोले निर्माण गरिएको पाठ्यक्रम सान्दर्भिक रहेको कुरा बताउनुभयो । अर्का विषय विशेषज्ञले भने इटहरी नगरमा निर्माण गरिएको स्थानीय पाठ्यक्रम स्थानीय पाठ्यक्रम निर्देशिका बमोजिम,विषय विशेषज्ञहरूको समूहद्वारा, स्थानीय विषयवस्तुहरूलाई नै समावेश गरेर निर्माण गरिएको हुँदा यस पाठ्यक्रमलाई असान्दर्भिक भन्न नसकिने तर अझै समय सापेक्ष, उपयुक्त र अझै स्तरीय

बनाउन सकिने कुरा बताउनु भयो । तर इटहरी उपमहानगरपालिकाले निर्माण गरेको स्थानीय पाठ्यक्रमको सान्दर्भिकता सम्बन्धमा एक प्रधानाध्यापक र दुई शिक्षक भने यस विषयमा प्रतिक्रिया जनाउनु भएको थिएन । उक्त दुई शिक्षकमध्ये एकले निर्माण भएको स्थानीय पाठ्यक्रम परम्परागत स्वरूपको नै रहेको हुँदा यसले विद्यार्थीहरुलाई सिपमुखी र आत्मनिर्भर बनाउनको लागि खासै सहयोग गर्न नसक्ने कुरा बताउनुभयो । यसरी हेर्दा इटहरी नगरमा निर्माण गरिएको स्थानीय पाठ्यक्रमका सन्दर्भमा, पाठ्यक्रम समय समयमा परिवर्तन भइरहने एक दस्तावेज भएकोले पाठ्यक्रममा देखिएका कमीकमजोरीहरूलाई समय सापेक्ष रुपमा सुधार गर्दै जान सकिने हुँदा वर्तमान समयमा इटहरी नगरले निर्माण गरेको इटहरीको सेरोफेरो नामक स्थानीय पाठ्यक्रम र थारु भाषाको पाठ्यक्रम सान्दर्भिक नै निर्माण भएको देखिन्छ ।

**स्थानीय पाठ्यक्रम निर्माणमा देखिएका समस्याहरू**

इटहरी उपमहानगरपालिकाले निर्माण गरेको स्थानीय पाठ्यक्रम सान्दर्भिक नै बनेको भए तापनि यस किसिमको पाठ्यक्रममा स्थानीय सरोकारवालाहरूको पूर्ण सहभागिता हुन नसक्नु, सरोकारवाला व्यक्तिहरूले अपनत्व ग्रहण गर्न नसक्नु, पाठ्यक्रम निर्माणमा संस्थागत क्षमता अभिवृद्धि हुन नसक्नु, ठेक्का प्रणालीबाट पाठ्यक्रम निर्माण हुनु (मिश्र, सन् २०२३) तथा स्थानीय पाठ्यक्रमले स्थानीय आवश्यकता र राष्ट्रिय एवं अन्तर्राष्ट्रिय आवश्यकतालाई सन्तुलन गर्न नसक्नु, सामाजिक विविधतालाई पनि पूर्ण रुपमा सम्बोधन गर्न नसक्नु, राष्ट्रिय पाठ्यक्रम र स्थानीय पाठ्यक्रमबीच समन्वयको अभाव रहनु, पाठ्यक्रम निर्माणमा परम्परागत सोचभन्दा माथि उठ्न नसक्नु, स्थानीय पाठ्यक्रम सीपमुखी र उत्पादनमुखी पाठ्यक्रम बन्न नसक्नु जस्ता कुराहरु पाठ्यक्रम निर्माण सम्बन्धी समस्याहरु रहेका छन् जुन कुरा इटहरी उपमहानगरपालिकाले निर्माण गरेको स्थानीय पाठ्यक्रम निर्माण प्रक्रियामा समेत समस्याका रूपमा रहेका छन् भन्ने कुरा विषय विशेषज्ञहरूले बताउनु भयो । यसैगरी पाठ्यक्रम निर्माण प्रक्रिया पूर्णरूपमा सहभागितामूलक बन्न नसकेको कुरा छनोटमा परेका एक प्रधानाध्यापकहरूले समेत बताउनुभयो भने तीन जना शिक्षकहरूले पाठ्यक्रम निर्माण प्रक्रियाको बारेमा जानकारी नभएको कुरा समेत बताउनु भयो । यसरी हेर्दा प्रायजसो स्थानीय पाठ्यक्रमको निर्माण ठेक्का प्रणालीबाट नै हुने गरेको देखिन्छ । जसले गर्दा पाठ्यक्रमको निर्माण प्रक्रिया स्थानीय सरोकारवाला व्यक्तिहरूको पूर्ण सहभागितामा बन्न नसकेको र प्रचलित परम्परा अनुसार नै निर्माण भएको देखिन्छ ।

**स्थानीय पाठ्यक्रम कार्यान्वयनको अवस्था**

राष्ट्रिय पाठ्यक्रम प्रारूप (२०७६) ले नेपालको विद्यालय शिक्षामा स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्ने नीतिगत व्यवस्था कायम गरे अनुरूप इटहरी उपमहानगरपालिकाले स्थानीय आवश्यकतालाई मध्यनजर राखी स्थानीय सरोकारवाला व्यक्तिहरूको सहभागितामा निर्माण गरेको स्थानीय पाठ्यक्रम कार्यान्वयनको अवस्थालाई विश्लेषण गर्दा इटहरी उपमहानगरपालिकामा ३६ वटा सामुदायिक विद्यालयहरू रहेकोमा सबै विद्यालयहरुमा वि सं २०७९ देखि इटहरीको सेरोफेरो विषयक स्थानीय पाठ्यक्रम २०७८, कार्यान्वयन गर्ने निर्णय भए बमोजिम ३६ वटै सामुदायिक विद्यालयहरुमा इटहरीको सेरोफेरो नामक पाठ्यक्रम कार्यान्वयन गरिएको छ भने थारु भाषाको पाठ्यक्रम २०८० समेत निर्माण भई हाल चारवटा विद्यालयहरूमा कार्यान्वयन भइरहेको कुरा उपमहानगरपालिकाका शिक्षा अधिकृतले बताउनुभयो । छनोटमा परेका १० जना प्रअहरू मध्ये दशै जनाले इटहरीको सेरोफेरो नामक स्थानीय पाठ्यक्रम नै कार्यान्वयनमा ल्याइएको बताउनुभयो। साथै हाल कक्षा १ देखि ५ सम्म चारवटा विद्यालयमा थारु भाषाको पाठ्यक्रम पनि

कार्यान्वयन भएको भए तापनि थारु बाहुल्यता भएका अन्य सामुदायिक विद्यालयहरुमा समेत थारु भाषाको संरक्षण र सम्बर्धनका लागि मातृभाषा अन्तर्गत थारु भाषाको पाठ्यक्रम आधारभूत तहमा नै कार्यान्वयनका लागि पहल गर्नु पर्ने कुरा थारु पाठ्यक्रम कार्यान्वयन भएको एक विद्यालयका प्रधानाध्यापकले बताउनुभयो। यसरी हेर्दा इटहरी उपमहानगरपालिका अन्तर्गत सञ्चालन भएका सामुदायिक विद्यालयहरूमा स्थानीय आवश्यकतालाई मध्यनजर राखी स्थानीय सरोकारवाला व्यक्तिहरूद्वारा निर्माण गरिएको स्थानीय पाठ्यक्रम आधारभूत तहमा कार्यान्वयन भइरहेको देखिन्छ।

**स्थानीय पाठ्यक्रम प्रभावकारी कार्यान्वयन सम्बन्धमा**

इटहरी नगरले निर्माण गरेको स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका अवस्थाका सन्दर्भमा शिक्षक एवं प्रधानाध्यापकहरूको विचारलाई विश्लेषण गर्दा छनोटमा परेका सबै प्रधानाध्यापक र शिक्षकहरुले पाठ्यक्रम मात्र उपलब्ध भएको यसका लागि सहयोगी अध्ययन एवम् सन्दर्भ सामग्रीहरू उपलब्ध नभएका कारणले शिक्षकलाई पढाउन र विद्यार्थीलाई पढ्न कठिन भएको हुदा यस पाठ्यक्रमलाई उपलब्धिमूलक ढंगबाट कार्यान्वयनमा ल्याउन नसकिएको कुरा बताउनुभयो। यसलाई बोझिलो रुपमा कार्यान्वयनमा ल्याइएको कुरा उल्लेख गर्नु भयो। यसै सन्दर्भमा एक शिक्षकले इन्टरनेटको माध्यमबाट आवश्यक सामग्रीहरू सङ्कलन गरी अध्यापन गराउने गरेको भए पनि प्रभावकारी ढंगबाट विषयवस्तु विद्यार्थीसामु प्रस्तुत गर्नको लागि कठिन भएको कुरा बताउनुभयो। यसैगरी कक्षा १ देखि ५ सम्म थारु भाषाको स्थानीय पाठ्यक्रम कार्यान्वयन भएका विद्यालयहरूमा स्रोत र सामग्रीको अभावमा स्थानीय पाठ्यक्रमलाई प्रभावकारी ढङ्गबाट कार्यान्वयनमा ल्याउन नसकिएको कुरा थारु भाषाको पाठ्यक्रम कार्यान्वयन गरिएका विद्यालयहरूका प्रधानाध्यापक एवं शिक्षकहरुले बताउनुभयो। यसैगरी विषय विशेषज्ञहरूले स्थानीय पाठ्यक्रम प्रभावकारी रूपमा कार्यान्वयनमा आउन नसकेको कुरामा नै सहमत देखिनुभयो। यसरी हेर्दा स्थानीय पाठ्यक्रम प्रभावकारी रूपमा कार्यान्वयनमा आउन नसकेको देखिन्छ।

**स्थानीय पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरू**

स्थानीय पाठ्यक्रम कार्यान्वयनमा के कस्ता समस्याहरु छन भन्ने सम्बन्धमा छनोटमा परेका प्रधानाध्यापक,शिक्षक एवं विज्ञहरूको विचारमा स्थानीय पाठ्यक्रमलाई प्रभावकारी कार्यान्वयनमा ल्याउने क्रममा देखिएका प्रमुख समस्याहरु निम्न रहेको पाइयो।

***पाठ्यपुस्तकको अभाव***

पाठ्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउने एक महत्वपूर्ण साधन नै पाठ्यपुस्तक हो। राष्ट्रिय पाठ्यक्रम प्रारूप (२०७६) ले समेत प्रभावकारी रूपमा पाठ्यक्रम कार्यान्वयन गर्नका लागि पाठ्यपुस्तक निर्माण गर्ने नीतिगत व्यवस्था गरेको भएता पनि इटहरी उपमहानगरपालिकाले निर्माण गरेको स्थानीय पाठ्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयनमा सहयोग गर्ने सहयोगी साधनको रूपमा रहेको पाठ्यपुस्तक हालसम्म पनि निर्माण नगरिएको कारणले गर्दा स्थानीय पाठ्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन असहज भएको कुरा छनोटमा परेका अधिकांश प्रधानाध्यापक एवं शिक्षकहरूले बताउनुभयो। यसै सन्दर्भमा पाठ्यपुस्तक निर्माणका क्रममा रहेको कुरा उपमहानगरपालिकाका एक शिक्षा अधिकृतले बताउनु भयो।

***पर्याप्त पाठ्य एवम् सहयोगी सामग्रीको अभाव***

शिक्षण सिकाइ प्रक्रियालाई प्रभावकारी र आकर्षक बनाउन शैक्षिक सामग्रीको महत्त्वपूर्ण भूमिका रहन्छ (श्रेष्ठ, २०७५)। स्थानीय पाठ्यक्रम नयाँ भएको र पाठ्यपुस्तक पनि प्रकाशनमा नआएको कारणले गर्दा पाठ्यक्रममा राखिएका विषयवस्तुहरू प्रभावकारी रूपमा विद्यार्थीसामु पुर्याउनको लागि अन्य सहयोगी सामग्रीहरु समेत विद्यालयमा पर्याप्त मात्रामा उपलब्ध नभएको कारणले गर्दा पाठ्यक्रमलाई प्रभावकारी कार्यान्वयनमा ल्याउन नसकिएको कुरा अध्ययन क्षेत्रका सबै विषय शिक्षकहरुले बताउनु भयो। यसरी हेर्दा पाठ्यपुस्तकको अभाव हुनु स्थानीय पाठ्यक्रम कार्यान्वयनको प्रमुख समस्याको रहेको देखिन्छ।

***शिक्षक तालिमको अभाव***

शिक्षकहरूको पेशागत क्षमता अभिवृद्धिका लागि समयसमयमा शिक्षक तालिमको व्यवस्था गरिन्छ (भट्टराई,२०८०)। इटहरी नगरपालिकाले निर्माण गरेको स्थानीय पाठ्यक्रमलाई प्रभावकारी कार्यान्वयनमा ल्याउनको लागि आधारभूत तहमा स्थानीय पाठ्यक्रम शिक्षण गर्ने शिक्षकहरूका लागि तालिमको व्यवस्था गरिनुपर्नेमा त्यस किसिमको तालिमको व्यवस्था पर्याप्त मात्रामा नगरिएको कुरा अध्ययन क्षेत्रका प्रधानाध्यापक एवं शिक्षकहरूले गर्नुभएको थियो। शिक्षा महाशाखाले पनि पाठ्यक्रम प्रवोधिकरण बाहेक पाठ्यक्रम कार्यान्वयनका लागि सहयोग पुग्ने अन्य तालिमका कार्यक्रमहरू पर्याप्त मात्रामा सञ्चालनमा नल्याइएको पाइयो। तसर्थ शिक्षकहरुमा पेशागत तालिमको अभाव पनि स्थानीय पाठ्यक्रम कार्यान्वयनका लागि एक समस्याको रुपमा देखियो।

***अनुगमन र निरीक्षणको कमी***

स्थानीय पाठ्यक्रम कार्यान्वयनमा के कस्ता समस्याहरू देखिएका छन्; उक्त कुराहरू सरोकारवालाहरूले समयसमयमा अनुगमन तथा निरीक्षण गरी तिनीहरूलाई निराकरण गर्नुपर्ने हुन्छ। जसका लागि शिक्षा नियमावली (२०५९) मा महिनामा विद्यालय निरीक्षकले कम्तीमा एकपटक विद्यालयको निरीक्षण तथा सुपरिवेक्षण गरी आवश्यक सुझावहरू प्रदान गर्नुपर्ने व्यवस्था गरेको छ। यसैगरी स्थानीय सरकार ऐन (२०७४) मा समेत आधारभूत तथा माध्यमिक तहमा सञ्चालन हुने विभिन्न शैक्षिक कार्यक्रमको स्थानीय तहबाट अनुगमन गर्नुपर्ने व्यवस्था गरिएको छ। यस सम्बन्धमा इटहरी उपमहानगरपालिकाको शिक्षा शाखाबाट भने पर्याप्त मात्रामा अनुगमन र निरीक्षण एवं आवश्यक सुझावहरू प्राप्त गर्न नसकिएको कुरा अध्ययन क्षेत्रका शिक्षक तथा प्रधानाध्यापकहरुले बताउनु भएको थियो। यसैगरी कार्यव्यस्तताका कारणले यथोचित रूपमा विद्यालयहरूको अनुगमन र निरीक्षण गर्न नसकिएको कुरा शिक्षा महाशाखाका अधिकृतले बताउनुभयो।

***सकारात्मक सोचको अभाव***

स्थानीय पाठ्यक्रमको बारेमा सकारात्मक सोचको अभाव पनि पाइयो। जस अन्तर्गत छनोटमा परेका विद्यालयका दुई विषय शिक्षकहरूले अभिभावकहरूको समेत यस विषयमा गुनासो रहेको र विद्यार्थीहरुलाई स्थानीय विषयसँग सम्बन्धित पाठ्यक्रमको सट्टा प्रविधि, पेशा र व्यवसायसँग सम्बन्धित विषयहरु पढाइनुपर्ने कुरा अभिभावकहरू समेतले गर्नुभएको कुरा बताउनुभयो।

***जनशक्तिको अभाव***

स्थानीय पाठ्यक्रम कार्यान्वयनमा दक्ष जनशक्तिको अभाव पनि एक समस्याको रूपमा रहेको छ। जसअन्तर्गत

थारु भाषा पाठ्यक्रम कार्यान्वयनका लागि छुट्टै जनशक्तिको व्यवस्था नगरिएको, उपलब्ध जनशक्तिकै माध्यमबाट उक्त पाठ्यक्रमलाई कार्यान्वयनमा ल्याइएको कारणले गर्दा जनशक्ति व्यवस्थापनमा कठिनाइ आएको कुरा थारु भाषा पाठ्यक्रम कार्यान्वयनमा आएको एक विद्यालयका प्रधानाध्यापकले बताउनुभयो।

***स्थानीय व्यक्तिहरूको आवश्यकतामा विविधता***

इटहरी उपमहानगरपालिकामा बसोबास गर्ने मानिसहरूमा विविधता भएको अर्थात् जातीय विविधता, धार्मिक विविधता भएका कारणले गर्दा सबै मानिसहरूको सोच र दृष्टिकोण एकै किसिमको हुन नसकेकोले स्थानीय पाठ्यक्रमलाई अपनत्व ग्रहण गर्न नसकेका कारण पनि स्थानीय पाठ्यक्रम कार्यान्वयनमा समस्या पाइएको कुरा इटहरी नगरपालिकाका एक शिक्षा अधिकृतले बताउनुभयो।

***शैक्षिक सामग्रीको निर्माण र प्रयोगमा कमी***

शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउने महत्त्वपूर्ण साधन शैक्षिक सामग्री (अधिकारी, २०६५) भए तापनि स्थानीय पाठ्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने शैक्षिक सामग्रीहरू शिक्षण सिकाइको क्रममा निर्माण र प्रयोगमा कमी देखियो।

***शिक्षकहरूको पेशागत दक्षतामा कमी***

स्थानीय पाठ्यक्रम अध्यापन गराउने शिक्षकहरू निजी स्रोतमा राखिएका शिक्षकहरू भएका कारणले उनीहरूमा पेशागत दक्षताको कमी रहेको कुरा एक शिक्षकले बताउनुभयो। पालिकाले विद्यालयमा अनुदानमा समेत शिक्षक नियुक्ति गर्ने व्यवस्था गरेकाले यस किसिमको समस्या मुख्यगरी माध्यमिक तह सञ्चालन भएका विद्यालयहरूमा भन्दा पनि प्राथमिक तह वा (१ - ५) का कक्षाहरुमा यस किसिमको समस्या रहन सक्ने कुरामा इटहरी नगरका शिक्षा अधिकृत समेत सहमत हुनुभयो। तसर्थ शिक्षकहरू पेशागत दक्षतामा निपूण नरहेका कारणले पनि स्थानीय पाठ्यक्रम कार्यान्वयनमा समस्या देखिएको छ।

***स्थानीय व्यक्तिहरूको परम्परागत सोच***

स्थानीय पाठ्यक्रमले स्थानीय सरोकारवाला व्यक्तिहरूको परम्परागत दृष्टिकोणमा परिवर्तन गर्न नसकेका कारणले पनि स्थानीय पाठ्यक्रम कार्यान्वयनमा जटिलता रहेको पालिकाका एक शिक्षा अधिकारीले बताउनुभयो।

***आर्थिक अभाव***

सबै सामुदायिक विद्यालयहरू आर्थिक रूपमा सबल नभएका कारणले गर्दा पाठ्यपुस्तक र पाठ्यसामग्रीको अभावका बावजुद पनि पर्याप्त शैक्षिक सामग्रीहरू व्यवस्था गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न नसकिएको साथै दक्ष जनशक्तिहरूको व्यवस्था गरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न कठिन भएको कुरा छनोटमा परेका प्रधानाध्यापकहरुले बताउनुभयो।

यसरी हेर्दा स्थानीय पाठ्यक्रम कार्यान्वयनमा देखिएका प्रमुख समस्याहरूमध्ये पाठ्यपुस्तकको अभावलाई प्रमुख समस्याको रुपमा लिएको पाइन्छ साथै शैक्षिक सामग्रीको अभाव, दक्ष जनशक्तिको अभाव, आर्थिक अभाव, स्थानीय व्यक्तिहरूको परम्परागत सोच, शिक्षकहरूको पेशागत दक्षतामा कमी, सम्बन्धित निकायहरूबाट नियमित अनुगमन र निरीक्षण नहुनु, शिक्षक तालिमको अभाव, स्थानीय व्यक्तिहरूको सोच एवम् दृष्टिकोणमा विविधता जस्ता

कुराहरुले नै निर्माण गरिएको स्थानीय पाठ्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन हुन नसकेको देखिन्छ ।

**स्थानीय पाठ्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउने उपायहरू**

समयमै पाठ्यपुस्तक निर्माण र छपाइको व्यवस्था गर्नुपर्ने, पाठ्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने, शैक्षिक सामग्रीहरू निर्माण र व्यवस्थापन गर्नुपर्ने, शिक्षकहरूको क्षमता अभिवृद्धि गर्नका लागि स्थानीय पाठ्यक्रमलाई कार्यान्वयनमा ल्याउन आवश्यक तालिमहरूको व्यवस्था गरिनुपर्ने, शिक्षकहरूको सेवा सुविधा वृद्धि गर्नुपर्ने, स्थानीय पाठ्यक्रमको कार्यान्वयनमा सहजता ल्याउनको लागि शिक्षा शाखाबाट समय समयमा अनुगमन र निरीक्षण गरिनुपर्ने, पाठ्यक्रम कार्यान्वयनका लागि अभिभावकहरूको सकारात्मक सोचमा विकास गराउनुपर्ने, स्थानीय पाठ्यक्रमको विषयमा स्थानीय सरोकारवालाहरूसँग छलफल सञ्चालन गर्नुपर्ने, नमुना पाठ, नमुना शिक्षण रणनीतिहरू तयार एवं प्रस्तुत गर्नुपर्ने, पाठ्य एवं सन्दर्भ सामग्रीहरूको यथेष्ट प्रबन्ध गर्नुपर्ने, अभिभावक शिक्षामा सुधार गर्ने वा अभिभावकहरूमा स्थानीय पाठ्यक्रमको महत्वबोध गराउने, निर्माण गरिएको स्थानीय पाठ्यक्रमका सकारात्मक पक्षहरूको पक्षपोषण सरोकारवाला व्यक्तिहरूले गर्नुपर्ने देखिन्छ ।

**निष्कर्ष**

स्थानीय स्तरबाट स्थानीय सरोकारवाला व्यक्तिहरूको सहभागितामा स्थानीय आवश्यकता अनुसार स्थानीय विषयवस्तुहरूलाई नै समावेश गरी निर्माण र कार्यान्वयन गरिने पाठ्यक्रमलाई स्थानीय पाठ्यक्रम भनिन्छ । यो पाठ्यक्रम स्थानीय आवश्यकतालाई समेटी स्थानीय ज्ञान, सीप र भाषालाई प्रवर्धन गर्ने प्रमुख उद्देश्य राखी तयार गरिन्छ । यसै सन्दर्भमा इटहरी उपमहानगरपालिकाले समेत इटहरीको सेरोफेरो र थारु भाषाको पाठ्यक्रम निर्माण गरेको पाइयो । साथै निर्माण गरिएको स्थानीय पाठ्यक्रम निर्माण प्रक्रियामा सरोकारवाला व्यक्तिहरू, विषय विशेषज्ञहरूको संलग्नता रहेको हुँदा, उक्त पाठ्यक्रम समय सापेक्ष र सान्दर्भिक नै रहेको पाइयो । यसै सन्दर्भमा पाठ्यक्रम निर्माण प्रक्रियामा पर्याप्त स्थानीय सरोकारवालाहरूको सहभागिता हुन नसकेको, पाठ्यक्रम निर्माणमा संस्थागत क्षमता अभिवृद्धि हुन नसकेको, स्थानीय पाठ्यक्रमले स्थानीय आवश्यकतालाई सन्तुलन गर्न नसकेको, सामाजिक विविधतालाई सम्बोधन गर्न नसकेको जस्ता समस्याहरु पाठ्यक्रम निर्माण प्रक्रियामा पाइयो ।

इटहरी उपमहानगरपालिकामा निर्माण गरिएको स्थानीय पाठ्यक्रमको कार्यान्वयन अवस्थालाई हेर्दा छनोटमा परेका दश सामुदायिक विद्यालयहरूमध्ये सबै सामुदायिक विद्यालयहरूमा इटहरीको सेरोफेरो नामक पाठ्यक्रम र चार वटा विद्यालयमा भने कक्षा १ देखि ५ सम्म थारु भाषाको पाठ्यक्रम पनि कार्यान्वयनमा ल्याइएको पाइयो । यसरी निर्माण एवं कार्यान्वयनमा ल्याइएको स्थानीय पाठ्यक्रममा प्रवोधीकरणको अभाव, पाठ्यपुस्तकको अभाव, पर्याप्त शिक्षक तालिमको अभाव, शिक्षकहरूको पेशागत दक्षतामा कमी, अभिभावकहरूको परम्परागत सोच, सम्बन्धित निकायबाट फितलो अनुगमन र निरीक्षण जस्ता कुराहरू पाठ्यक्रम कार्यान्वयनमा प्रमुख समस्याका रूपमा रहेको पाइयो । पाठ्यक्रम कार्यान्वयनमा केही समस्याहरु देखिएका छन् । स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा जिम्मेवार भूमिका निर्वाह गर्ने निकाय स्थानीय निकाय भएकाले पाठ्यक्रम कार्यान्वयनमा के कस्ता कठिनाइहरू आइरहेका छन् र ती कठिनाइहरूलाई कसरी समाधान गर्न सकिन्छ भन्ने कुरामा केन्द्रित रही जति सक्दो चाँडो पाठ्यक्रम कार्यान्वयनमा देखिएका समस्याहरु समाधान गर्नका लागि समयमै पाठ्यपुस्तक निर्माण, छपाइ र वितरणको व्यवस्था गर्नुपर्ने, पाठ्यक्रम कार्यान्वयनका लागि

आवश्यक शैक्षिक सामग्री निर्माण गरी वितरण गरिनुपर्ने, शिक्षकको दक्षता र क्षमता अभिवृद्धि गर्नका लागि आवश्यक तालिमको व्यवस्था गरिनुपर्ने, अनुगमन तथा निरीक्षण प्रक्रियालाई बढाई उपयुक्त पृष्ठपोषण र आवश्यक कार्यक्रमहरु स्थानीय निकायले सञ्चालन गर्नुपर्ने देखिन्छ । साथै प्रधानाध्यापक एवम् शिक्षकहरूले समेत पाठ्यक्रम कार्यान्वयनमा थप जिम्मेवार र उत्तरदायी बन्नुपर्ने देखिन्छ ।

**सन्दर्भसामग्रीसूची**


अधिकारी, बालकृष्ण (२०६९), *पाठ्यक्रम तथा मूल्याङ्कन*, जुपिटर प्रकाशन ।

अधिकारी देवराज र पाण्डे (२०८०), *व्यवसायिक अनुसन्धान पद्दति*, चौथो, अस्मिता बुक्स पब्लिसर एण्ड डिष्टिव्युटर्स ।

अधिकारी, तोयानाथ (२०६५), *शैक्षणिक विधि*, श्याम पुस्तक भण्डार ।

खनाल, पेशल(२०७८), *शैक्षिक अनुसन्धान विधि*, चौथो, सनलाईट प्रकाशन ।

ज व रा, स्वयं प्रकाश र साथी(२०६९), *पाठ्यक्रम र मूल्याङ्कन*, पिनाकल पब्लिकेशन ।

ढकाल, माधव र साथीहरू(२०७३), *शिक्षाका आधारहरु*, रत्न पुस्तक भण्डार ।

ढकाल, कृष्णराज (२०२३), माध्यमिक तह नेपाली भाषा पाठ्यक्रम कार्यान्वयनको प्रभावकारिता [अनुसन्धानात्मक लेख], *नुटा जर्नल, अङ्क १०* ।

निउरे, ध्रुवप्रसाद ( २०७० ), *पाठ्यक्रम तथा मूल्याङ्कन,* दोस्रो, क्वेष्ट पब्लिकेसन ।

पाठ्यक्रम विकास केन्द्र. (२०६४). *स्थानीय पाठ्यक्रम निर्देशिका* ।

पाठ्यक्रम विकास केन्द्र. (२०७७). *स्थानिय पाठ्यक्रमको विकास तथा कार्यान्वयनका लागि स्थानिय तहका लागि अभिमूखीकरण निर्देशिका* ।

बराल, खगराज (२०६७), *स्थानिय पाठ्यक्रमको व्यवहारिक प्रयोग: समस्या र समाधान,* शिक्षा पत्रिका, पा वि के ।

भट्टराई, होमनाथ (२०८०), *शिक्षाको दर्शनशास्त्रीय एवं समाजशास्त्रीय आधार*, जुपिटर प्रकाशन ।

भट्ट, टिकेन्द्र (२०६७), *पाठ्यक्रमको सिद्दान्त*, क्षितिज प्रकाशन ।

मिश्र, प्रेमलाल (२०२३), *स्थानीय पाठ्यक्रम कार्यान्वयनको अवस्था*,अनुसन्धनात्मक लेख, नेपाल जर्नल अनलाइन, अंक ८ ।

जिसी, कृष्णबहादुर र यादव चन्द्रेश्वर (२०७६), *पाठ्यक्रम र मूल्याङ्कन*, (दोश्रो), जुपिटर प्रकाशन ।

नेपाल सरकार. (२०२८). *शिक्षा ऐन*, २०२८ । https://hr.parliament.gov.np

नेपाल सरकार. (२०५९). *शिक्षा नियमावली*, २०५९ । https://moest.gov.np

नेपाल सरकार. (२०७४). *स्थानीय सरकार सञ्चालन ऐन,* २०७४ । https://mofaga.gov.np

श्रेष्ठ र साथीहरू (२०७५ ), *कक्षा कोठा शिक्षण*, भुँडी पुराण प्रकाशन ।

Giddens, A. (2009), *Sociology*, 6th edition, Polity press.

Taba, H. (1962), *Curriculum development theory and practice*, Harcourt.

Tyler,R.W.(1949), *Basic principles of curriculum and instruction*, University of Chicago Press.


●●●